आयुर्वेद श्रृङ्खला-६

आयुर्वेद
इन्द्रलुप्त र खालित्य रोग
(कपाल खुइलने रोग)
(Alopecia, Morbid baldness of the head)

सङ्कलन : मोहन प्रसाद सापकोटा

सङ्कलन एवं नेपालीमा भावानुवाद : मोहनप्रसाद सापकोटा

विषयसूची

परिभाषा खण्ड
कपाल झर्ने कारण

(क) आयुर्वेद महोदधि :

अति अमिलो अमिली आदि हाली बनाइएको पिना वा लेदो टाउकामा प्रयोग नगर्नु, टाउको चिलाउने र पोल्ने गर्दछ । अमिलोले कपाल पनि झर्दछ । यसैले कपालको चिल्लो निखार्नमा पनि कहिल्यै यस्ता धेरै अमिलो हालिएका पिना, लेप आदि प्रयोग नगर्नू । यस्तै गुलियो कुरा पनि टाउकामा प्रयोग गर्नु हुन्न ।

(ख) अष्टाङ्ग हृदय :

पित्तलैः खलतिः .... ॥

गर्भवतीले पित्तविकार गर्ने कुरा बढी खानपिन गर्नाले गर्भ तालु खुइले हुन्छ ।

(ग) चरक संहिता :

स एवं गुणोऽप्येक एवात्यर्थमुपयुज्यमानः वलिपलितखालित्यमापादयति ॥

यदि यही अमिलो एक रस धेरै खाइयो भने यसले छाला चाउरी पार्दछ, कपाल फुलाउँदछ र तालुखुइले रोग निकाल्दछ ।

लवणनित्या शीघ्रवलीपलितं खालित्यरोगिणं वा ।

दिनहुँ नुनिलो पदार्थ (मात्र) खाने गर्भवतीले चाँडै छाला चाउरी पर्ने वा चाँडै कपाल फुल्ने वा तालुखुइले रोग हुने सन्तानलाई जन्माउँदछिन् ।

तेजोऽनिलाद्यैः सह केशभूमिं दग्ध्वाऽऽशु कुर्यात्खलितिं नरस्य ।
किञ्चित्तु दग्ध्वा पलितानि कुर्याद्धरित्प्रभत्वं च शिरोरुहाणाम् ॥

वात आदि दोषसँग मिलेर तेजले कपालको भूमिलाई जलाई मानिसलाई तालुखुइले बनाउँदछ । थोरै जलाए पलित रोग हुन्छ अर्थात् कपाल फुलाउँदछ । अझ थोरै जलाए कपालको रङ्ग खैरो खालको हुन्छ ।

लवणो रसः ...,स एवं गुणोऽप्येक एवात्यर्थमुपयुज्यमानः ...पलितखालित्यमापादयति, ...इन्द्रलुप्तप्रभृतीन्विकारानुपजनयति ॥

नुनिलो रस धेरै खाइयो भने यसले कपाल फुलाउँदछ, तालुखुइले रोग निकाल्दछ तथा इन्द्रलुप्त आदि जस्ता रोग निकाल्दछ ।

ये ह्येनं ग्रामनगरनिगमजनपदाः सततमुपयुञ्जते त आन्ध्यषाण्ढ्यखालित्यपालित्यभाजो हृदयापकर्तिनश्च भवन्ति, तद्यथा-प्राच्याश्चीनाश्च । तस्मात्क्षारं नात्युपयुञ्जीत ॥

यसकारण जुन गाउँ, शहर, वस्ती, प्रान्त वा देशका बासिन्दा यसको (क्षारको, Alkali) बढी उपयोग गर्दछन् ती अन्धा, नपुंसक, कपाल खुइलने, कफाल फुल्ने र मुटुसम्बन्धी रोगले विशेष किसिमले पीडित हुने गर्दछन् । जस्तैः कामरूप र चीनका वासिन्दा । त्यसैले क्षारको अधिक प्रयोग नगर्नू ।

ये ह्यतिलवणसात्म्याः पुरुषास्तेषामपि खालित्यपालित्यानि वलयश्चाकाले भवन्ति ॥१६॥

जो जसले चर्को वा धेरै नुन खाने आदत बसाएका हुन्छन् तिनको कपाल उमेर नपुगी खुइलिन्छ, फुल्दछ र छाला चाउरी पर्दछ ।

पित्तप्रकृतिनां...क्षिप्रवलीपलितखालित्यदोषाः,

पित्तप्रकृतिका मानिसको छाला चाँडै चाउरी पर्ने, चाँडै कपाल फुल्ने र तालु खुइलने गर्दछ ।

(घ) राज निघण्टु :

शमीको फल कपाल नाश गर्ने गुणको हुन्छ ।

नोट : केही कुरा यहाँ समावेश गरियो । पित्तसम्बन्धी रोग, दूषित पानी आदि अनेक कारणले कपाल झर्दछ भनिएको छ । मुख्यतः इन्द्रलुप्त रोग, खालित्य रोग र चायाँ कपाल झार्ने कारण हुन् । यस भागमा इन्द्रलुप्त र खालित्य रोगको चर्चा गरिएको छ ।

इन्द्रलुप्त (कपाल खुइलने रोग)
(Alopecia, Morbid baldness of the head)
परिभाषा

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

रोमकूपानुगं पित्तं वातेन सह मूर्च्छितम्॥ प्रच्यावयति रोमाणि ततः श्लेष्मा सशोणितः ।
रोमकूपान् रुणद्ध्यस्य तेनान्येषामसम्भवः ॥ तदिन्द्रलुप्तं रुज्यां च प्राहुश्चाचेति चापरे ।

रोमकूप वा कपालको जरामा गएको पित्त वायुसँगसँगै विकृत भई कपाललाई झार्दछ वा जरैदेखि उखेलिदिन्छ । यसपछि रगत मिसिएको कफ विकृत भई रोमकूपलाई अवरुद्ध बनाउँदछ । यसले गर्दा पुनः अरु कपाल उम्रन पाउँदैन । यस्तो विकार वा रोगलाई इन्द्रलुप्त, रुज्या वा चाच भनिन्छ ।

(ख) के.यन.स्वामी (इन्द्रलुप्त) :

रौंको जरामा रहने रगत कुपित भएर रौं झारिदिने र फेरि रौं नआउने रोग, खुइले ।

(ग) नेपाली बृहत् शब्दकोश (खोइरो) :

मानिसका टाउकाको रौं खुइलने वा मुडुलो हुने एक रोग ।

(घ) चिकित्सा चन्द्रोदय :

स्त्री र नपुंसकलाई प्रायः यो रोग हुँदैन ।

(ङ) भावप्रकाश संहिता, माधव निदान, योग रत्नाकर, सुश्रुत संहिता :

रोमकूपानुगं पित्तं वातेन सह मूर्च्छितम् । प्रच्यावयति रोमाणि ततः श्लेष्मा सशोणितः ॥
रुणद्धि रोमकूपांस्तु ततोऽन्येषामसम्भवः । तदिन्द्रलुप्तं खालित्यं रुह्येति(ज्ये)ति च विभाव्यते ॥

रौंका फेदका प्वालमा हुने भ्राजक नामक पित्तले वायुसँग मिलेर कपाल झार्ने गर्दछ । यसपछि रगत र कफ मिले त्यो प्वाललाई थुन्ने गर्दछन् । यसबाट अर्को कुनै रोग हुँदैन । यो रोगलाई इन्द्रलुप्त, खालित्य वा रुह्या(ज्या) भनिन्छ ।

(च) राजनिघण्टु :

केशघ्नस्त्विन्द्रलुप्तकः ॥

कपाल नाश गर्ने रोगलाई केशघ्न वा इन्द्रलुप्तक भनिन्छ ।

(छ) हिन्दी विश्वकोश :

इन्द्राणां तद्वद्वर्णानां केशानां लुप्तं लोपः यस्मात् । श्मश्रुकेशघ्न रोग ।

दाह्री, जुँगा र कपाल नाश गर्ने रोगलाई इन्द्रलुप्त भनिन्छ ।

नोट : इन्द्रलुप्त रोग प्रायः स्त्रीलाई हुँदैन । किन कि ती धेरै व्यायाम गर्दैनन् त्यसैले दोष कूपित हुँदैन । साथै तिनको दूषित रगत महिना महनिा दिनमा बाहिर निस्कने पनि गर्दछ । अत्यन्तं सुकुमाराङ्गचो रजोदुष्टं स्रवन्ति च । अव्यायामरता यस्मात्तस्मान्न खलितिः स्त्रियाः । आचार्य कार्तिक भन्दछन्-इन्द्रलुप्तं श्मश्रुणि भवति, खालित्यं शिरस्येव, रुह्या च सर्वदेहे । दाह्रीजुँगा झरेर नउम्रिनुलाई इन्द्रलुप्त भनिन्छ । टाउकामा हुने यही रोगलाई खालित्य भन्दछन् । सबै शरीरमा भए रुह्या भनिन्छ । (योग रत्नाकर) ।

इन्द्रलुप्त रोगको लक्षण

(क) हारीत संहिता :

केशघ्नस्य चिकित्सां तु शृणु हारीत साम्प्रतम् । रूक्षं सपाण्डुरं वातात्पित्ताद्रक्तं सदाहकम् ॥
कफान्वितं भवेत् स्निग्धं रक्तात् पाकं व्रजन्ति तत् । सन्निपातेन सदृशं जायते सर्वलक्षणम् ॥

शरीर भित्रको वायु विकृत भएर हुने इन्द्रलुप्त रुखो र सेतो-पहैँलो हुन्छ । पित्त बिग्रेर हुने इन्द्रलुप्त रातो रङको र दुख्ने खालको हुन्छ । कफविकारले हुने इन्द्रलुप्त चिल्लो हुन्छ । रक्तविकारले हुने इन्द्रलुप्त पाक्ने गर्दछ । सन्निपातजन्य इन्द्रलुप्तमा यी सबै लक्षण देखिन्छ ।

उपचारखण्ड
टाउकाबाट रगत निकाल्ने कार्य

(क) अष्टाङ्ग सङ्ग्रह :

अवगाढपदं वा सूचीकूर्चकेन प्रच्छाय भूयोभूयः ...।

सूचीकूर्च नामक औजारले गहिरोसम्म खोतली बिग्रेको रगत पटकपटक निकाल्नू ।

(ख) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

इन्द्रलुप्ते यथासन्नं सिरां विध्वा ...।

इन्द्रलुप्त रोगमा रोग भएको स्थान नजिकैको नसा प्वाल पारेर रगत निकाल्नू ।

(ग) चक्रदत्त, भैषज्य रत्नावली :

इन्द्रलुप्ते शिरां विद्धा ...

इन्द्रलुप्त रोगमा टाउकाको नसा प्वाल पारी रगत निकाल्नू ।

अवगाढपदं चैव प्रच्छयित्वा ...।

सबभन्दा पहिले इन्द्रलुप्त भएका स्थानमा सियोले घोची रगत निकाल्नू ।

(घ) रसरत्नाकर :

इन्द्रलुप्ते सिराविद्धा ...

इन्द्रलुप्त रोगमा टाउकाको नसा प्वाल पारी रगत निकाल्नू ।

(ङ) बङ्गसेन आयुर्वेद, सुश्रुत संहिता :

इन्द्रलुप्ते शिरां मूर्ध्नि स्निग्धस्विन्नस्य मोक्षयेत् ।

इन्द्रलुप्त रोगमा स्नेहन र स्वेदन गराई टाउकाको नसाबाट रगत निकाल्नु पर्दछ ।

नीलोतुथो आदिको प्रयोग

(ख) अष्टाङ्ग सङ्ग्रह :

...तुत्थकासीसमनश्शिलामरिचैर्लेपयेत् ।

रगत निकालेपछि निलोतुथो, हीराकसी, मैनसिल र मरिच मिसाएर पिसी लेप दल्नू ।

(ख) अष्टाङ्ग हृदय :

...प्रलेपयेत् । प्रच्छाय गाढं कासीस-मनोह्वातुत्थकोषणैः ॥

रगत निकालेपछि पट्टीले रगत आउन बन्द गर्दै हिराकसी, मैनसिल, नीलोतुथो र मरिच मिसाएर बनाइएको लेप बाक्लोगरी दल्नु पर्दछ ।

(ग) चक्रदत्त, भैषज्य रत्नावली :

...शिलाकासीसतुत्थकैः । परितो लेपयेत्कल्कैः...।

रगत निकालेपछि मैनशिला, हीराकसी र निलोतुथो बराबर मिसाएर पिसी लेप दल्नू ।

(घ) रसरत्नाकर :

...शिलाकाशीशतुत्थकैः । लेपयेत्परितः कल्कैः...।

रगत निकालेपछि मैनसिल, हीराकसी र निलोतुथो बराबर मिसाएर पिसी लेप दल्नू ।

(ङ) बङ्गसेन आयुर्वेद :

कल्कैः समरिचैर्दिह्याच्छिलाकाशीसतुत्थकैः ॥

रगत निकालेपछि कालो मरीच, मैनशिला, हिराकसी र नीलो तुथो पिसेर बनाइएको लेप दल्नु पर्दछ ।

(च) सुश्रुत संहिता :

कल्कैः समरिचैर्दिह्याच्छिलाकासीसतुत्थकैः ॥२४॥

मरिच, मैनसिल, हीराकसी र निलोतुथो पिसेर लेप दल्नू । अथवा तगर र देवदार मिसाएर पिसी लेप दल्नु हितकर हुन्छ ।

देवदार आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

भद्रदारुकुटन्नटाभ्यां वा ...सिद्धेन तैलेनाभ्यज्यात्॥

अथवा रगत निकालेपछि देवदार र सेतो मोथे हालेर विधिपूर्वक पकाइएको तेल दल्नू ।

(ख) अष्टाङ्ग हृदय :

...प्रलेपयेत् । वन्यामरतरुभ्यां वा ....।

अथवा रगत निकालेपछि सेतो मोथे र देवदारको लेप दल्नू ।

(ग) बङ्गसेन आयुर्वेद :

कुटन्नटादारुकल्कलेपनं वा प्रशस्यते ।

अथवा रगत निकालेपछि सेतो मोथे र देवदारको लेप दल्नुपर्दछ ।

(घ) सुश्रुत संहिता :

कुटन्नटदारुकल्कैर्लेपनं वा प्रशस्यते ।

अथवा सेतो मोथे र देवदार पिसी लेप बनाएर दल्नु पनि हितकर हुन्छ ।

चितू आदिको प्रयोग

(ख) अष्टाङ्ग सङ्ग्रह :

... चित्रककरवीरनक्तमालमालतीसिद्धेन वा तैलेनाभ्यज्यात्॥

अथवा रगत निकालेपछि चितू, करवीर, कुबेराक्ष र चमेली हालेर विधिपूर्वक पकाइएको तेल दल्नू ।

ब्राह्मी (घोडताप्रे) आदिको प्रयोग

(ख) अष्टाङ्ग सङ्ग्रह :

...प्रदिह्यात् कपोतवङ्कामूलेन ... महिषीक्षीरपिष्टेन॥

रगत निकालेको स्थानमा ब्राह्मीको जरा भैंसीको दूधमा पिसेर लेप बनाई लगाउनू ।

गुन्यामधुरा आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

...प्रदिह्यात्.... लाङ्गलिकामूलेन वा महिषीक्षीरपिष्टेन॥

रगत निकालेको स्थानमा गुन्यामधुराको जरा भैंसीको दूधमा पिसेर लेप बनाई लगाउनू ।

(ख) अष्टाङ्ग हृदय :

...प्रलेपयेत् । तथा लाङ्गलिकामूलैः ...।

अथवा रगत निकालेपछि कलिहारी (गुन्यँा मधुरा) लाई भैंसीको दूधमा पिसेर लेप बनाई दल्नू ।

करवीर आदिको प्रयोग

(क) अष्टाङ्ग हृदय :

...प्रलेपयेत् । ...करवीररसेन वा ॥

अथवा रगत निकालेपछि करवीरको पातको रसको लेप दल्नू ।

कण्टकारी आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

वार्ताकफलैस्तैलं पक्वं क्षौद्राञ्जनयुक्तमालेपः ।

अथवा (दोश्रो दिन) सानो सेतो बिहींका फल हालेर विधिपूर्वक पकाइएको तेलमा मह र रसाञ्जन हालेर पिसी लेप बनाएर दल्नू ।

सक्षौद्रो वा क्षुद्रवार्ताकरसः ।

अथवा (दोश्रो दिन) सानो सेतो बिहींको रसमा मह मिसाएर पिसी लेप बनाएर दल्नू ।

(ख) अष्टाङ्ग हृदय :

...प्रलेपयेत् । सक्षौद्रक्षुद्रवार्ताकस्वरसेन रसेन वा ।

अथवा रगत निकालेपछि कण्टकारी (बिँही) को रसमा मह मिसाएर लेप दल्नू ।

(ग) चक्रदत्त, योग रत्नाकर, बङ्गसेन आयुर्वेद, शार्ङ्गधर संहिता :

इन्द्रलुप्तापहोलेपो मधुना बृहतीरसः ॥

ठूलो बिहींको रस महमा मिसाएर लेप बनाई दल्ने गर्नू । इन्द्रलुप्त नाश हुन्छ ।

(घ) चक्रदत्त, वैद्यरहस्य :

बृहतीफलरसपिष्टं गुञ्जायाः फलमथापि वा मूलम् ।
हेम(कनक) निघृष्टं लिप्तं व्यपनयति महेन्द्रलुप्ताख्यम् ॥

ठूलो बिहींको फलको रसमा रातीगेडीको फल अथवा जरा पिस्नू र हेम (धतुरोले) घोटेर लेप बनाई दल्ने गर्नू । इन्द्रलुप्त रोग नाश हुन्छ ।

(ङ) चिकित्सा चन्द्रोदय :

कण्टकारीको रस मह मिसाएर दल्ने गर्नाले इन्द्रलुप्त रोग नाश हुन्छ । (वैद्यविनोद) ।

(च) रस रत्नाकर :

...बृहतीफल...एकेन । मधुसहितैर्विलिप्तं सुरपति लुप्तं शमंयाति ॥

बिहीँको फल महमा मिसाएर लेप बनाई दल्ने गर्नाले इन्द्रलुप्त रोग शान्त हुन्छ ।

बृहतीफल सम्पिष्टं गुञ्जाफलेन्द्रलुप्तस्य । ... दातव्यं प्रयच्छितस्य सदा ॥

बिहीँको फल र रातीगेडी मिसाएर पिसी लेप बनाएर दल्ने गर्नाले यसपछि टाउको छोप्नाले इन्द्रलुप्त रोग नाश हुन्छ ।

धतुरो आदिको प्रयोग

(क) अष्टाङ्ग हृदय :

...प्रलेपयेत्। धत्तूरकस्य पत्राणां ...रसेन वा॥

अथवा रगत निकालेपछि धतुरोको पातको रसको लेप दल्नू। (धतूरो उपविष हो है)।

(ख) रस रत्नाकर :

कनक निघृष्टस्यसतो दातव्यं प्रयच्छितस्य सदा॥

धतुरो पिसी लेप बनाएर दल्ने गर्नाले र यसपछि टाउको छोप्नाले इन्द्रलुप्त रोग नाश हुन्छ।

भलायो आदिको प्रयोग

(क) अष्टाङ्ग हृदय :

...प्रलेपयेत् । ... भल्लातकरसेन वा ॥

अथवा रगत निकालेपछि भलायोको रसको लेप दल्नू ।

(ख) चक्रदत्त, योग रत्नाकर, बङ्गसेन आयुर्वेद :

...भल्लातकरसोऽपि वा । ...तद्विलेपनात् । इन्द्रलुप्तापहः...।

भलायोको रसको लेप दल्ने गर्नू इन्द्रलुप्त रोग नाश हुन्छ ।

(ग) चक्रदत्त, भैषज्य रत्नावली :

भल्लातकबृहतीफलगुञ्जामूलफलेभ्यस्त्वेकेन । मधुसहितेन विलिप्तं सुरपतिलुप्तं शमं याति ॥

प्रशोधित भलायोको फल, बिहीँको फल तथा रातीगेडीको फल र जरा : यी ओखतीमध्ये कुनै एक ओखती पिसेर मह मिसाई माड्ने गरिएमा इन्द्रलुप्त रोग शान्त हुन्छ ।

(घ) रस रत्नाकर :

भल्लातक...फल...एकेन । मधुसहितैर्विलिप्तं सुरपति लुप्तं शमंयाति ॥

भलायोको बीजको गुदी महमा मिसाएर लेप बनाई दल्ने गर्नाले इन्द्रलुप्त रोग शान्त हुन्छ ।

(ङ) शार्ङ्गधर संहिता :

इन्द्रलुप्तापहो लेपो मधुना ... भल्लातकरसोऽपि वा ।

भलायोको रस निकाली मह मिसाएर लेप बनाई दल्नाले पनि इन्द्रलुप्त रोग निको हुन्छ ।

मह आदिको प्रयोग

(क) अष्टाङ्ग हृदय :

अथवा माक्षिकहविस्तिलपुष्पत्रिकण्टकैः ।

अथवा रगत निकालेपछि माक्षिक-मह, घिउ, तिलको फूल र ओदानेकाँडो मिसाएर पिसेको लेप दल्नू ।

रातीगेडी आदिको प्रयोग

(क) अष्टाङ्ग हृदय :

...प्रलेपयेत् ।... गुञ्जामूलफलैस्तथा ।

अथवा रगत निकालेपछि रातीगेडीको जरा र फल पिसेर लेप दल्नू ।

(ख) चक्रदत्त :

अवगाढपदं चैव प्रच्छयित्वा पुनः पुनः । गुञ्जाफलैश्चिरं लिम्पेत्केशभूमिं समन्ततः ॥

बेस्सरी रगडेर रगत निकाली पटक पटक रातीगेडी पिसेर बनाइएको लेप दल्नू ।

(ग) चक्रदत्त, योग रत्नाकर, बङ्गसेन आयुर्वेद :

गुञ्जामूलं फलं वापि ...तद्विलेपनात् । इन्द्रलुप्तापहः...।

रातीगेडीको फल वा जराको लेप दल्ने गर्नू इन्द्रलुप्त रोग नाश हुन्छ ।

(घ) चक्रदत्त, भैषज्य रत्नावली, रस रत्नाकर :

...पुनः पुनः । गुञ्जाफलैश्चिरं लिम्पेत्केशभूमिं समन्ततः ॥

इन्द्रलुप्त रोगमा रगत निकालेपछि रातीगेडीको फल पानीमा राम्ररी पिसेर लेप बनाई पटकपटक त्यो स्थानमा सबैतिर दल्ने गर्नू ।

(ङ) भावप्रकाश निघण्टु :

रातीगेडी र सेतीगेडी कपालका लागि लाभदायक तथा इन्द्रलुप्त रोग ठिक गर्ने गुणका हुन्छन् ।

(च) रस रत्नाकर :

....गुञ्जामूलफलेभ्य एकेन । मधुसहितैर्विलिप्तं सुरपति लुप्तं शमंयाति ॥

रातीगेडीको फल वा जरा महमा मिसाएर लेप बनाई दल्ने गर्नाले इन्द्रलुप्त रोग शान्त हुन्छ ।

(छ) शार्ङ्गधर संहिता :

इन्द्रलुप्तापहो लेपो मधुना ...गुञ्जामूलं फलं वाऽपि ...।

रातीगेडीको जरा वा रातीगेडीको फल महमा मिसाएर पिसी लेप बनाई दल्नाले पनि इन्द्रलुप्त रोग निको हुन्छ ।

(ज) सुश्रुत संहिता :

प्रच्छयित्वाऽवगाढं वा गुञ्जाकल्कैर्मुहुर्मुहुः ॥ लेपयेदुपशान्त्यर्थं कुर्याद्वाऽपि रसायनम् ।

अथवा बेस्सरी रगडेर रातीगेडी पिसी लेप बनाएर पटकपटक दल्नू । अथवा रोग शान्त पार्न रसायन विधि अपनाउनू ।

हात्तीको दाँत आदिको प्रयोग

(क) अर्कप्रकाश :

मसी तु गजदन्तस्य छागीक्षीरं रसाञ्जनम् । वटप्ररोहकं पिष्टमिन्द्रलुप्तघ्नमौषधम्॥

हात्तीको दाँतको भस्म, बाख्रीको दूध, रसाञ्जन (चुत्राको काँडा, बोक्रा वा जराको रसमा त्यति नै दूध मिसाएर एक चौथाई बाँकी हुने गरी पकाइएको ओखती) र बरोको बाहिरी जरा मिसाई पिँधेर बनाइएको लेप लगाउनाले इन्द्रलुप्त रोग ठिक हुन्छ ।

(ख) अष्टाङ्ग हृदय :

तैलाक्ता हस्तिदन्तस्य मषी चाचौषधं परम्॥

हात्तीको दाँतको खरानीलाई (तिलको) तेलमा फिटेर लेप गर्नू इन्द्रलुप्त रोगको उत्तम ओखती हो ।

(ग) चिकित्सा चन्द्रोदय :

हस्तिदन्तमसीताक्ष्र्यामिन्द्रलुप्ते प्रलेपनम् । प्राज्येन पयसा कुर्यात्सर्वथा तद्विनश्यति॥

हात्तीको दाँतको खरानी र रसाञ्जन बराबर लिई घिउ र दूध मिसाएर पिस्नू । यो लेप लगाउनाले इन्द्रलुप्त नाश हुन्छ र पुनः यो रोग हुँदैन । (चिकित्साञ्जन) ।

(घ) रस रत्नाकर :

हस्तिदन्तमसीलेपः सतैलमिन्द्रलुप्तजित्॥

हात्तीको दाँतको खरानी तिलको तेलमा मिसाएर दल्ने गर्नाले इन्द्रलुप्त रोगलाई जित्दछ ।

लेपलाई रातभर सुरक्षित राख्ने कार्य

(क) अष्टाङ्ग सङ्ग्रह :

घृष्टलिप्तमेरण्डपत्रावच्छादितं रात्रिमुषितं माहिषनवनीतेन लिम्पेत् ।

खोतलेर उल्लेखित लेप दलेपछि अँडिरका पातले छोपेर रातभर रहन दिनू । अर्कोदिन बिहान यो सबै निकाली (ओखती पानीले टाउको सफा गरेर) भैँसीको नौनी बाक्लोसँग दल्नू ।

भृङ्गिराज आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

मार्कवपत्रसहचरपुष्पपक्वं वा ।

अथवा (दोश्रो दिन) सेतो भृङ्गिराजका पात र पहेँलो कपुरनलीको फूल हालेर विधिपूर्वक पकाइएको घिउ दल्नू ।

(ख) भैषज्य रत्नावली :

आनूपदेशसम्भूतं गृहीत्वा मार्कवं शुभम् । सुधौतं जर्जरीकृत्य स्वरसं तस्य चाहरेत् ॥
चतुर्गुणेन तेनैव तैलप्रस्थं विपाचयेत् । एभिर्द्रव्यैः क्षीरपिष्टैः संयोज्य मतिमान् भिषक् ॥
मञ्जिष्ठा पद्मकं लोध्रं चन्दनं गैरिकं बला । रजन्यौ केशरं चैव प्रियङ्गु मधुयष्टिका ॥
प्रपौण्डरीकं गोपी च पलिकान्यत्र दापयेत् । सम्यक्पक्वं ततो ज्ञात्वा शुभे पाण्डे निधापयेत् ॥
केशपाते शिरोदुष्टे मन्यास्तम्भे गलग्रहे । शिरःकर्णाक्षिरोगेषु नस्येऽभ्यङ्गे च योजयेत् ॥
कुञ्चिताग्रानतिस्निग्धान् कचान्कुर्याद्बहूंस्तथा । खालित्यमिन्द्रलुप्तं च तैलमेतद् व्यपोहति ॥

आनूपदेशमा उम्रिएको भृङ्गिराज लेराएर पानीले पखाली पिसेर रस निचोर्नू । एक आढक यो रस एक प्रस्थ तिलको तेलमा हालेर पकाउनू । पाक्न आँटेपछि दूध, पिसेको मजिठो, पैयुँ, लोध, चन्दन, गेरु, बलु, हलेदो, चुत्रो, नागकेशर, दहीगुयैँलो, धूपीविशेष र अनन्तमूलको धूलो हाल्नू । राम्ररी पाकेपछि झिकेर सफा भाँडामा हालेर राख्नू । यो तेल लगाउने गर्नाले कपाल झर्ने रोग, टाउकाका रोग, मन्यास्तम्भ, गलग्रह; टाउको, कान र आँखाका रोगमा नस लिनाले र दल्ने गर्नू । यो तेलले कपाल घुँगुर्किएको, अति चिल्लो र बाक्लो बनाउँदछ । कपाल झर्ने र खुइलने (खालित्य र **इन्द्रलुप्त**) रोग नाश हुन्छ ।

(ग) रसरत्नाकर : बृहद्भृङ्गराजतैल

भृङ्गराजरसे कंसे केशराजरसे तथा । त्रिफलायारसे कंसे क्षीर कंसेसु साधितम् ॥
कंसं च तिलतैलस्य लौहपात्रे तु पाकवित् । कल्कं मृणाल-शालूक-मञ्जिष्ठा-पीतशालकम् ॥
नीलिकापद्मबीजञ्च शटी मुस्तं पुनर्नवा । वरावाटचालकं केशी केशराजं सकेशरम् ॥
मण्डूरं चाम्रबीजञ्च श्यामानन्ता प्रियङ्गुका । पाकलं मधुकं झिण्टा देवदारु सपद्मकम् ॥
ह्रीवेरं चन्दनं पत्र मेथी मधुरिका वरी । न्यग्रोधो रोचना तुत्थं माहेन्द्री केतकी केशी ॥
उत्पलं चौण्ड्रपुष्पं च नीलीलताक्षबीजकम् । रास्ना च गैरिकं दार्वी पुण्डरीकं रसाञ्जनम् ॥
जीवनीयगणो लाक्षा श्रीखण्डं भद्रमुस्तकम् । त्वक्पत्रं वावुषामूलं कृष्णागुरु च लोध्रकम् ॥
दत्त्वा पलोन्मितैर्भागैः शनैर्मृद्वग्निना पचेत् । शिरोमध्यगतान् रोगान्नेत्ररोगांश्च सर्वशः ॥

हन्ति वातञ्च पित्तं पलितञ्च कालसंभवम् । खालित्यमिन्द्रलुप्तञ्च हन्यादेतन्नसंशयः ॥
कचान्नीलतरान्कुर्यात्सुस्निग्धान्कुटिलांस्तथा । नस्याभ्यञ्जनपाने च तैलमेतत्प्रयोजयेत् ॥
यत्र तैलरसस्यास्य पतन्ति विन्दवः शुभाः । तत्र केशाः प्रजायन्ते नृणां पाणितलेष्वपि ॥
अजाते केशे मस्ते च जाते नष्टे च वा पुनः । तत्रोपजायते केशो हन्ति दारुणकं तथा ॥

भृङ्गिराजको रस चार सेर (कंसः-चार सेर), पुनः भृङ्गिराजको रस चार सेर, त्रिफलाको रस चार सेर, दूध चार सेर र तिलको तेल चार सेर फलामको भाँडामा हालेर पकाउनू । कमलको डाँठ, कमलको गानु, मजिठो, विजयसाल, नेवारी (वा नीर), कमलको बीज, कचूर, मोथे, पुनर्नवा, हर्रो, बर्रो, अमला, जटामसी, भृङ्गिराज, नागकेशर, फलामको कीटभस्म, आँपको बीज, कालो निसोध, निसोध, दहीँगुयैँलो, कूट, जेठीमधु, कपुरनली, देवदार, पैयुँ वा पिर्रे, सुगन्धवाल, चन्दन, तेजपात, मेथी, वनसुप, कुरिलो, बरका टुसा, गोरोचन, निलोतुथो, ठुलो ऐरेलु, केतकी, जटामसी, चन्द्रकमल, बाह्रमासे, नीर, बरका बीज, फ्याक्सेकन्द, गेरु, धूपीविशेष, रसाञ्जन, जीवनीय गणका ओखती, लाहा, श्रीखण्ड, नागरमोथे, दालचिनी, तेजपात, वावुषामूल (पहेँलो केराको जरा ?), कालो अगर र लोध : यी ओखती एक एक पल हाली सानो आगोमा पकाउनू । टाउकाको बीचमा हुने रोग, आँखाका सबै रोग, वातविकार, पित्तविकार, बेलै नभई कपाल फुलेको, तालु खुइलेको र इन्द्रलुप्त रोग यो तेलले अवय नाश गर्दछ । यसले कपाल अति निलो, चिल्लो र घुमुर्किएको बनाउँदछ । नस्य, मालिस र पिउनका लायि यो तेल प्रयोग गर्नू । यो तेलको थोपा जहाँ खस्दछ त्यहाँ मानिसको पैँतालामा पनि रौँ उम्रन्छ । टाउकामा कपाल नपलाएमा वा पलाएको कपाल झरेमा यो तेल लगाउने कपाल उम्रन्छ । यसले दारुणक रोग पनि नाश गर्दछ ।

(घ) शार्ङ्गधर संहिता :

भृङ्गराजरसेनैव लोहकिट्टं फलत्रिकम् । सारिवाञ्च पचेत्कल्कैस्तैलं ... ॥
...इन्द्रलुप्तञ्च नाशयेत् ।

फलामको किट, हर्रो, बर्रो, अमला र अनन्तमूल बराबर मिसाएर पिस्नू । यसको चौबर तिलको तेल र तिलको तेलको चौबर भृङ्गिराजको रसमा यो ओखती हालेर तेलमात्र बाँकी नहुँदासम्म पकाउनू । यसपछि झिकेर छान्नू । यो तेल टाउकामा दल्नाले इन्द्रलुप्त नाश हुन्छ ।

(ङ) हारीत संहिता :

भृङ्गराजरसं ग्राह्यं शृङ्गवेररसं तथा । सौवीरकरसेनापि तिलान् पिष्ट्वा प्रलेपनम् ॥
पश्चात्कार्यं पुरुषेण स्नानमुष्णेन वारिणा ॥

इन्द्रलुप्तमा भृङ्गिराज, अदुवाको रस वा काँजीको रसमा तिल पिसेर लेप दली पछि तातो पानीले पखाल्ने गर्नू ।

झ्याउ आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

जलशूको वा पलाशक्षारसान्द्रः ॥

अथवा दोश्रो दिन जलशूक (पानीमा हुने झ्याउ, शैवाल) र पलाँशको क्षार पिसेर लेप बनाई दल्नू ।

अलैंची आदिको प्रयोग

(क) गरुडपुराण :

एलामांसीकुष्ठमुरायुक्तमभ्यङ्गतः शिरः । गुञ्जाफलं समादेयं लेपनं चन्द्रलुप्तनुत् ॥

अलैंची, जटामसी, कूट, कालो जटामसी र रातीगेडीको बराबर मिसाई पिसेर लेप बनाई दल्ने गर्नाले इन्द्रलुप्त रोग नाश हुन्छ ।

परबर आदिको प्रयोग

(क) चक्रदत्त :

रसस्तिक्तपटोलस्य पत्राणां तद्विलेपनात् । इन्द्रलुप्तापहः...।

तितो परबरका पातको रस टाउकामा दल्ने गर्नू । इन्द्रलुप्त नाश हुन्छ ।

(ख) भावप्रकाश संहिता, योग रत्नाकर :

तिक्तपटोलीपत्रस्वरसैर्घृष्ट्वा शमं याति । चिरकालजाऽपि रुज्या नियतं दिवसत्रयेणापि ॥

तितो परबरका पात पिसेर रस निकाली त्यसले मल्नाले धेरै दिन पुरानो इन्द्रलुप्त रोग पनि तीन दिनमा ठिक हुन्छ ।

(ग) बङ्गसेन आयुर्वेद :

तिक्तापटोलीपत्रस्वरसे घृष्ट्वा शमं याति । चिरकालजापि रुह्या नियतं दिनत्रयादेव ॥

तितो परवरका पातको रस तीन दिनसम्म दलेर मालिस गर्नाले धेरै दिन पुरानो इन्द्रलुप्त रोग पनि नाश हुन्छ ।

(घ) वैद्य रहस्य, शार्ङ्गधर संहिता :

रसस्तिक्तपटोलस्य पत्राणां तद्विलेपनात् ॥ इन्द्रलुप्तं शमं याति त्रिभिरेव दिनैर्ध्रुवम् ।

तिते परबरका पातको रस निकाली लेप बनाएर तीन दिनसम्म दल्नाले इन्द्रलुप्त रोग निश्चय नै नाश हुन्छ ।

(ङ) हारीत संहिता :

पित्तकृते दोषयुते च रोगे पटोलपत्रं पिचुमन्दकं वा ।
तथाऽऽमलक्याः फलमेव पिष्ट्वा घृतेन खण्डेन प्रलेपनञ्च ॥११॥
निवार्यते मस्तकजं क्षतञ्च शिरोऽर्त्तितसङ्घान्विनिहन्ति चैतत् ।

पित्तजन्य इन्द्रलुप्तमा परबरका पात, नीम र अमलाको फल पिसेर घिउ र सखर मिसाएर दल्ने गर्नाले टाउकोमा हुने टाउकामा हुने घाउ र पीडाको समूहलाई नाश गर्दछ ।

मरिच आदिको प्रयोग

(क) चक्रदत्त, भैषज्य रत्नावली :

घृष्टस्य कर्कशैः पत्रैरिन्द्रलुप्तस्य गुण्डनम् । चूर्णितैर्मरिचैः कार्यमिन्द्रलुप्तनिवारणम् ॥

कपाल खुइलिएको स्थानमा (कुनै) खस्रा पातले दरफरिने गरी घोटेर कालो मरिचको धूलो छर्कनाले इन्द्रलुप्त रोग नाश हुन्छ ।

नोटः यहाँ "कर्कशै पत्रै" शब्द प्रयोग भएको छ । अंग्रेजी अनुवादकले संस्कृत शब्द नै राखेका छन् । हिन्दी अनुवादकले खस्रा पात भनेका छन् । कर्कश शब्दको अर्थ सिँदुरे वृक्ष पनि हुन्छ । तर यहाँ "कर्कशपत्रै" नभनेर "कर्कशै पत्रै" भनिएकोले मैले पनि खस्रा पात अर्थ लगाउनु नै उपयुक्त देखेँ ।

मोथे आदिको प्रयोग

(क) चक्रदत्त, भैषज्य रत्नावली :

...तैलं चाभ्यञ्जने हितम्॥ कुटन्नटशिखीजातीकरञ्जकरवीरजैः॥

इन्द्रलुप्त रोगमा रगत निकालेपछि सेतोमोथे, चितूको जरा, चमेलीको फूल, करञ्जको बोक्रा र सेतो करवीरको जरा बराबर मिसाएर पिसी हालेर विधिपूर्वक पकाइएको तेलले मालिस गर्नु पनि हितकर हुन्छ ।

(ख) रसरत्नाकर :

कुटन्नटं-शिखी-जाती-करञ्ज-करवीरजैः । अवगाढपदश्चैव प्रच्छयित्वा पुनः पुनः॥

अथवा सेतो मोथेविशेष, चितूको जरा, चमेलीको फूल, करञ्जको बोक्रा र सेतो करवीरको जरा बराबर मिसाएर पिसी लेप बनाएर बाक्लोगरी पटक पटक दल्नू । अथवा यी ओखती हाले पकाइएको तेल दल्नू ।

(ग) वङ्गसेन आयुर्वेद :

कुटन्नटादारुकल्कलेपनं वा प्रशस्यते ।

अथवा रगत निकालेपछि सेतो मोथे र देवदारको लेप दल्नुपर्दछ ।

चमेली आदिको प्रयोग

(क) चक्रदत्त, बङ्गसेन आयुर्वेद, सुश्रुत संहिता :

मालतीकरवीराग्निनक्तमालैर्विपाचितम् । तैलमभ्यञ्जने शस्तमिन्द्रलुप्तहरं परम् ॥

चमेली, करवीर, चितू र लेखपाङ्गोको लेप वा धूलो बराबर हालेर विधिपूर्वक तेल पकाउनू , यो तेलले मालिस गर्नाले इन्द्रलुप्त रोग नाश हुन्छ ।

(ख) चिकित्सा चन्द्रोदय :

चमेलीका पात, करवीर, चितू र करञ्ज बराबर लिई पानीमा मिसाएर पिस्नू । यसको चौबर तिलको तेल, तेलको चौबर पानी वा बाख्रीको दुध लिनू । मिसाएर पकाउनू । तेल मात्र बाँकी भएपछि झिक्नू र छान्नू । यो तेल लगाउनाले इन्द्रलुप्त नाश हुन्छ । (वैद्यविनोद) ।

(ग) भावप्रकाश संहिता, योग रत्नाकर :

जातीकरञ्जवरुण करवीराग्निपाचितम् । तैलमभ्यञ्जनाद्धन्यादिन्द्रलुप्तं न संशयः ॥

चमेली, करञ्ज (लेखपाङ्गो), सिप्लिकान, करवीर र चितूको धूलो हालेर पकाइएको तेल लगाउनाले निश्चय नै इन्द्रलुप्त रोग नाश हुन्छ ।

(घ) रसरत्नाकर : मालत्यादितैल

मालतीकरवीराग्निनक्तमालविपाचितम् । तैलमभ्यञ्जनेशस्तमिन्द्रलुप्तविनाशनम् ॥
इदं हि त्वरितं हन्ति दारुणं नियतं नृणाम् ॥ (अग्निश्चित्रकः गोमूत्रेण पाकः) ।

चमेलीका पात, करवीर, चितू र करञ्जको बोक्रा हालेर विधिपूर्वक तेल पकाउनू । इन्द्रलुप्त रोगमा यो तेल लगाउनु हितकर हुन्छ । यही तेलले मानिसको दारुण रोगलाई पनि नाश गर्दछ ।

जेठीमधु आदिको प्रयोग

(क) चिकित्सा चन्द्रोदय :

जेठीमधु, नीलकमल, दाख, तेल, घिउ र दूध मिसाएर पिसी लगाउनाले इन्द्रलुप्त नाश हुन्छ ।

(ख) भावप्रकाश संहिता, शार्ङ्गधर संहिता :

यष्टीन्दीवरमृद्वीकातैलाज्यक्षीरलेपनैः । इन्द्रलुप्तं शमं याति केशाः स्युश्च घना दृढाः ॥

जेठीमधु, नीलकमल, दाख, तिलको तेल, गाईको घिउ र गाईको दूध बराबर मिसाएर पिसी लेप बनाई दल्ने गर्नाले इन्द्रलुप्त रोग अवस्य नाश हुन्छ । कपाल पनि बाक्लो र बलियो हुन्छ ।

सिउँडी आदिको प्रयोग

(क) भावप्रकाश संहिता, योग रत्नाकर :

स्नुहीपयः पयोऽर्कस्य लाङ्गली मार्कवो विषम् । अजामूत्रं सगोमूत्रं रक्तिका सेन्द्रवारुणी ॥
सिद्धार्थकस्तीक्ष्णगन्धा सम्यगेभिर्विपाचितम् । तैलं भवति नियमात् खालित्यव्याधिनाशनम् ॥

सिउँडीको दूध, आँकको दूध, गुन्याँ मधुरा, सेतो भृङ्गिराज भार, वत्सनाभ, बाख्रीको मूत्र, गहुँत, रातीगेडी, ऐरेलु, पहेँलो सर्सिउँ र सेतो बोभोको धूलो हालेर पकाइएको तेललाई "स्नुही दुग्धादि तैल" भनिन्छ । यो तेल लाएर मालिस गर्नाले **खालित्य रोग** अवश्य नै ठिक हुन्छ ।

करञ्ज आदिको प्रयोग

(क) शार्ङ्गधर संहिता :

करञ्जश्चित्रको जाती करवीरश्च पाचितम् । तैलमेभिर्द्धुतं हन्यादभ्यङ्गादिन्द्रलुप्तकम् ॥

करञ्ज (कुबेराक्ष) को बोक्रा, चितूको बोक्रा, चमेलीका पात र करवीरको जरा बराबर लेराई पिस्नू । यो जति हुन्छ त्यसको चौबर तिलको तेलमा यो मिसाउनू । यसमा तेलको चौबर पानी हालेर पकाउनू । तेलमात्र बाँकी भएपछि झिकेर छान्नू । यो तेल इन्द्रलुप्त रोग हुने मानिसले लगाउनाले तुरुन्त रौँ वा कपाल झर्न बन्द हुन्छ ।

सक्खर (गुड) आदिको प्रयोग

(क) हारीत संहिता :

गुडेन सुरसाशुण्ठीमातुलुङ्गरसेन तु । केशघ्ने वातसम्भूते धावनञ्च प्रशस्यते॥

वातविकारले हुने (सुक्खा) इन्द्रलुप्तमा सखर, तुलसी, सुठो र बिमिरोको रस बराबर मिसाई पिसेर लेप बनाई दल्ने गर्नुपर्दछ ।

त्रिफला आदिको प्रयोग

(क) हारीत संहिता :

त्रिफलावचारोहीतं गुडेनापि प्रपेषितम् । धावनं कफसम्भूते चैन्द्रलुप्ते प्रशस्यते ॥

कफजन्य (रसिलो) इन्द्रलुप्तमा त्रिफला, बोझो, बर्रो र सखर पिसेर लेप बनाई दल्ने गर्नुपर्दछ ।

दूध आदिको प्रयोग

(क) हारीत संहिता :

पैत्तिके च हितं दुग्धं नवनीतान्वितं तथा । शिताशिवाफलं यष्टी पैत्तिके धावनं मतम्॥

पित्तजन्य (चिलाउने) इन्द्रलुप्तमा दूध, नौनी, मिस्री, अमला र जेठीमधु पिसेर लेप बनाई दल्ने वा पखाल्ने गर्नुपर्दछ ।

पैत्तिकानि च लिङ्गानि दृष्ट्वा दुग्धेन धावनम् । शीतलानि प्रदेयानि पैत्तिकेन विधीयते॥

पित्तजन्य इन्द्रलुप्तमा दूधले पखाल्ने गर्नु उत्तम हुन्छ । खानमा शीतल गर्ने कुरा खानू र पित्त बढाउने कुरा खानपिन नगर्नू ।

धयैँरो आदिको प्रयोग

(क) हारीत संहिता :

धवार्जुनकदम्बस्य शिरीषमपि रोहितम् । क्वाथमेषां शिरोदद्रूं शमयेदिन्द्रलुप्तकम् ॥

धयैँरो, काउलो वा खरी, कदम, शिरीष, सिँदूरे (रोहितम्) मिसाएर काँढापानी पकाई धुने गरेमा टाउकामा आउने दाद र इन्द्रलुप्त शान्त हुन्छ ।

कटसरैया आदिको प्रयोग

(क) हारीत संहिता :

कुरबकस्य पुष्पेण जपायाः कुसुमेन च । घृष्टस्य चेन्द्रलुप्तस्य कृतमेव निवारणम् ॥

रातो कटसरैयाको फूल र जपाकुसुमको फूल पिसेर लेप बनाई दल्ने गर्नाले इन्द्रलुप्त नाश हुन्छ ।

ओदानेकाँडो आदिको प्रयोग

(क) चिकित्सा चन्द्रोदय :

ओदानेकाँडो र तिलका फूल बराबर लिनू । यी दुई बराबर घिउ र मह मिसाउनू , पिसेर लगाउनाले इन्द्रलुप्त नाश हुन्छ ।

चुकन्दर आदिको प्रयोग

(क) चिकित्सा चन्द्रोदय :

चुकन्दरका पातको रस ८० मासा सर्सिउँको तेलमा विधिपूर्वक पकाएर त्यो तेल दल्ने गर्नाले इन्द्रलुप्त रोगमा लाभ मिल्दछ ।

सुर्मा आदिको प्रयोग

(क) रसरत्नाकर : नीलविन्दुतैल

अञ्जनं मधुकं कृष्णं तार्क्ष्यजं शारिवोत्पलम् । त्रिफलानीलिकापत्रं काशीशं मुस्तकं तिलाः॥
आम्रास्थि तालपत्रं च फलं पिण्डीतकस्य च । जम्ब्वाम्रार्जुनपत्राणि कूर्म्मपित्तं सतुत्थकम्॥
भूकेशः शिंशपाश्चैव मार्कवं सत्रिकण्टकम् । पृथक्कर्षसमान्भागान्तथालौहरजः समम्॥
तैलप्रस्थमजाक्षीरं धात्रीभृङ्गरसाढकम् । पक्वन्तु लौहभाण्डस्थं शिरसोऽभ्यङ्गनस्ययोः॥
यत्नेन योजयेत्तैलं वराङ्गे विनिपातयेत् । पतन्ति विन्दवो यत्र कृष्णत्वमुपजायते॥
भवन्ति कुटिलाः शीघ्रं केशाः षट्पदकोपमाः । खालित्यं पलितं चैव इन्द्रलुप्तञ्च नाशयेत्॥
मेध्यं मङ्गल्यमायुष्यं बलवर्णकरं शिवम् । नीलबिन्दुरितिख्यातं विश्वामित्रेण पूजितम्॥

सुर्मा, जेठीमधु, मरिच (वा चितू), रसाञ्जन, अनन्तमूल, नीलकमल, त्रिफला, नेवारी (वा नीर) का पात, हीराकसी, नागरमोथे, तिल, आँपको कोया, ताडका पात, मैनफल, जामुनुका पात, आँपका पात, काउलोका पात, कछुवाको पित्त, निलोतुथो,बरका हाँगाका जरा, सिसौका बोक्रा, सेतो भृङ्गिराज र ओदानेकाँडो : यी सबै ओखती एक एक कर्ष लिनू । लोहभस्म बराबर लिनू । तेल एक प्रस्थ तथा बाख्रीको दूध, अमलाको रस र भृङ्गिराजको रस मिसाएर एक आढक लिनू । यी सबै हाली फलामको भाँडामा विधिपूर्वक तेल पकाउनू । यो तेल टाउकामा दल्ने र नस्य लिने गर्नू । होसियार भएर तेलको प्रयोग गर्नू । किन कि यसको थोपा जहाँ खस्छ त्यहाँ कालो हुन्छ । यो तेल दल्नाले चाँडै कपाल घुमुर्किने र कालो हुने गर्दछ । यसले तालुखुइले रोग, कपाल फुल्ने रोग र <u>**इन्द्रलुप्त रोग**</u> नाश गर्दछ । यसले दिमागको ग्रहण गर्ने क्षमता बढाउँदछ, मङ्गलदायक हुन्छ, उमेर स्थिर राख्दछ तथा बल र वर्ण दिन्छ । विश्वामित्रले बनाएको यो तेललाई नीलबिन्दुतैल भनिन्छ ।

खालित्य वा तालु खुइलने रोग

(क) अष्टाङ्ग हृदय :

खलतेरपि जन्मैवं शातनं तत्र तु क्रमात्॥
स वातादग्निदग्धाभा पित्तात्स्विन्नसिरावृता । कफाद् घनत्वग्वर्णांश्च यथास्वं निर्दिशेत् त्वचि॥
दोषैः सर्वाकृतिः सर्वैरसाध्या सा नखप्रभा । दग्धाग्निनेव नीरोमा सदाहा या च जायते॥

खलति रोग पनि इन्द्रलुप्त रोग जस्तै हो तर यसमा अलिअलि गरेर कपाल झर्दछ । वायुविकार जन्य खलति रोगमा टाउकाको छाला आगोले पोलेको जस्तो हुन्छ । पित्तविकारजन्य खलतिमा पसिना र मसिना नसाले घेरिएको हुन्छ । कफजन्य खलतिमा छाला केही मोटो हुने गर्दछ । यी सबै खलतिमा दोष अनुसार छालाको रङ हुने गर्दछ । त्रिदोषजन्य खलतिको उपचार हुँदैन । यो अवस्थामा त्यस भागमा पुनः कपाल उम्रदैन र छालाको रङ पनि नङजस्तो रातो देखिन्छ । त्यो भाग आगोले पोलेको जस्तो कपालरहित हुन्छ । डाह हुने खालको खलतिको पनि उपचार हुँदैन ।

कपाल उमार्ने उपाय
गोबर आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

गोशकृता वा घृष्टमिन्द्रलुप्तमरुष्करसेनावलिप्यात्...।

इन्द्रलुप्त रोगमा रौँ खुइलेको स्थानमा गाईको सुकेको गोबरको धुलोले घोटेर भलायोको रस दल्नू । (यसपछि विभिन्न कपाल उमार्ने ओखती प्रयोग गर्नू ।खलित रोगमा पनि यो उपचार विधि अपनाउनू । कपाल नउम्रिएसम्म टाउको ननुहाउनू ।)

कछुवाको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

...अन्तर्धूमदग्धकूर्ममष्यावचूर्णयेत् । कूर्मकपालभस्मना वा सुरसारसाक्तेन प्रदिह्यात् ।

यसपछि (गोबरको धुलोले घोटेर भलायोको रस दलेपछि) कच्छपयन्त्र वा भूधरयन्त्रमा डढाइएको कछुवाको खबटाको खरानीको धूलो छर्कनू । अथवा तुलसीको रसमा भिजाएर कछुवाको खबटाको खरानी दल्नू । खलित रोगमा पनि यो उपचार विधि अपनाउनू । कपाल नउम्रिएसम्म टाउको ननुहाउनू ।

हात्तीका दाँतको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

हस्तिदन्तमष्या वा तैलान्वितया ।

अथवा (गोबरको धुलोले घोटेर भलायोको रस दलेपछि) हात्तीको दाह्राको भस्म तिलको तेलमा मिसाएर दल्नू । खलित रोगमा पनि यो उपचार विधि अपनाउनू । कपाल नउम्रिएसम्म टाउको ननुहाउनू ।

(ख) गरुडपुराण :

सप्तरात्रात्प्रजायन्ते खल्वाटस्य कचाः शुभाः । दग्धहस्तिदन्तलेपात्साजाक्षीररसाञ्जनात् ॥

तालुखुइलेका मानिसले हात्तीको दाँतको खरानी, बाख्रीको दूध र रसाञ्जन मिसाई पिसेर लेप बनाई दल्ने गरेमा सात रातमा राम्ररी कपाल पलाउँदछ ।

(ग) चक्रदत्त, भैषज्य रत्नावली :

हस्तिदन्तमसीं कृत्वा मुख्यं चैव रसाञ्जनम् । लोमान्यनेन जायन्ते नृणां पाणितलेष्वपि ॥

हात्तीको दाँतको खरानीलाई रसाञ्जन र पानीमा मिसाएर फिटी लेप बनाएर दल्ने गर्नू । यो लेप दल्ने गर्नाले मानिसको हत्केलामा समेत रौं उम्रन थाल्दछ, अरु ठाउँको के कुरा गर्नु र ! ।

(घ) चिकित्सा चन्द्रोदय :

हात्तीको दाँतको खरानी, बाख्रीको दूध र रसाञ्जन मिसाएर पिसी दल्नाले मानिसको पैंतालामा समेत रौं उम्रन्छ । (वैद्यविनोद) ।

(ङ) भावप्रकाश संहिता, बङ्गसेन आयुर्वेद, वैद्यरहस्य :

हस्तिदन्तमषीं कृत्वा आजं क्षीरं रसाञ्जनम् ।
लोमान्यनेन जायन्ते नृणां पाणितलेष्वपि ॥

हात्तीको दाँतको खरानी, बाख्रीको दूध र रसाञ्जन मिसाएर लेप बनाई दल्ने गरेमा मानिसका हत्केलामा पनि रौं उम्रिन्छ वा अड्दछ ।

(च) भैषज्य रत्नावली :

हस्तिदन्तमसीं कृत्वा तैलेन सह योजयेत्। हस्तेष्वपि प्रजायन्ते केशा नास्त्यत्र संशयः॥

हात्तीको दाँतको खरानी तिलकोतेलमा मिसाएर लेप बनाई दल्ने गरिए हातमा समेत रौं उम्रन्छ, यो कुरामा कुनै शङ्का नगर्नू।

छागक्षीररसाञ्जनपुटदग्धगजदन्तमसीलिप्ताः। जायन्ते सप्तदिनात्खल्यामपि कुञ्चिताश्चिकुराः॥

रसाञ्जन र पुटपाक विधिले खरानी बनाइएको हात्तीको दाँतको खरानीलाई बाख्रीको दूधमा पिसेर लेप बनाई दल्ने गरिए सात दिनमा खालित्य रोग नाश भई कपाल पलाएर आउँदछ।

(छ) रस रत्नाकर :

हस्तिदन्तमसीं कृत्वा सुखाश्चैव रसाञ्जनम्। लोमानि तेन जायन्ते नृणां पाणितलेष्वपि॥

हात्तीको दाँतको खरानी र रसाञ्जन मिसाएर लेप बनाई दल्ने गर्नाले हत्केलामा पनि रौं उम्रन्छ।

(ज) विष्णुधर्मोत्तरपुराण :

हस्तिदन्तमयीं पिष्ट्वा पयसा लेपयेच्छिरः। अजातेष्वपि केशेषु रोमसञ्जननं परम्॥

हात्तीको दाँतलाई दूधमा पिसेर लगाउनाले कपाल नै नउम्रेको टाउकामा पनि राम्ररी कपाल उम्रन्छ।

(झ) शार्ङ्गधर संहिता :

हस्तिदन्तमषीं कृत्वा छागीदुग्धं रसाञ्जनम्॥ रोमाण्यनेन जायन्ते लेपात् पाणितलेष्वपि।

हात्तीको दाँतलाई डढाएर खरानी बनाउनू। यो खरानी र रसाञ्जनलाई बाख्रीको दूधमा घोटेर लेप बनाउनू। यो लेप जहाँ जहाँ रौं झरेको छ त्यहाँ त्यहाँ लगाउने गर्नू, रौं उम्रन्छ। यो लेप हत्केलामा दलेपनि त्यहाँ रौं उम्रन्छ। (यो लेप लगाउन नाङ्गो हातको प्रयोग नगर्नू)।

(ञ) हारीत संहिता :

गजेन्द्रदन्तस्य मषीं गृहीत्वा प्रलेपनं वा नवनीतकेन॥ ... खल्लाटके केशचयं करोति॥

हात्तीको दाँतको भस्म लिएर नौनीमा मिसाई दल्ने गर्नाले मुडुलो टाउकामा कपाल बढ्दछ।

लेखपाङ्ग्रो आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

पूतीकरञ्जप्रत्राणि वा ससैन्धवानि लेपः ।

अथवा (गोबरको धुलोले घोटेर भलायोको रस दलेपछि) लेखपाङ्ग्रोका पात र सिँधेनुन मिसाएर पिसी लेप बनाएर दल्नू । खलित रोगमा पनि यो उपचार विधि अपनाउनू । कपाल नउम्रिएसम्म टाउको ननुहाउनू ।

पिप्ला आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

पिप्पल्यञ्जनरसाञ्जनबाकुचिकाफलल्लोहरजांसि वा गोमूत्रपिष्टानि । खलतिविहितानि चाचरेत् । सलिलसेकमारोमोद्गमात् परिहरेत्॥

अथवा (गोबरको धुलोले घोटेर भलायोको रस दलेपछि) पिप्ला, रसाञ्जन, बकुचिको फल र लोहभस्म गहुँतमा पिसेर लेप बनाई दल्नू । कपाल नउम्रिएसम्म टाउको ननुहाउनू ।

खलताविन्द्रलुप्तोक्तः क्रमो यथादोषं च संशुद्धिः ॥

खलित रोगमा पनि रोगको अवस्था हेरी इन्द्रलुप्तको जसरी नै उपचार गर्नू ।

त्रिफला आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

त्रिफलार्जुनसैर्यकत्वक्पुष्पकृष्णपिण्डीतकफलमूलनीलोत्पललोहचूर्णकासीसजम्वूमार्कवमञ्जिष्ठामेषशृङ्गीखदिररजः सकर्दममर्दितोक्ताणुतैलयुक्तमसन सारसमुद्गके न्यस्तं कर्दमे मासं निखातं स्थितमुद्धृतं सूचीकूर्चप्रच्छिताया: खलतेर्लेपः परं रोमसञ्जननः ॥३९॥

त्रिफला, काउलो वा खरी, कपुरनलीका बोक्रा र फूल, मैनफलको फल र जरा, नीलकमल, लोहभस्म, जामुनु वा फर्णिर, भृङ्गिराज, मजिठो, भेडासिङ्गी, खयरको धुलो हिलोमा माडेर, अणुतेलमा भिजाएर विजयसालको बट्टामा हाली एक महिनासम्म तलाउको हिलोमा गाड्नू । पछि भिकेर कपाल खुइलेका स्थानमा खोस्रेर खराब रगत निकाली लेप दल्नू । यो लेप कपाल उमार्नका लागि उत्तम हुन्छ ।

गिनेरी आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

रक्ताग्निमन्थपुष्पकिंशुकनलदमूलमधुकहस्तिदन्तभस्मान्यविक्षीरपिष्टानि लेपः ॥

रातो गिनेरीका फूल, पलाँश, उशीरका जरा, जेठीमधु र हात्तीको दाँतको खरानी मिसाएर भेडीको दूधमा पिसी दल्न पनि सकिन्छ ।

जामुनु आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

जम्बूद्वयत्वक्पत्रमधुकभृङ्गरजास्त्रिफलाश्लेष्मातकमञ्जिष्ठाफणिजकबलाद्राक्षाजशृङ्गीचपलातिविषाकट्फलकल्केन क्षीरिवृक्षक्वाथेन च तिलतैलमक्षतैलं चैकध्यं साधयेत् तन्नस्येऽभ्यङ्गे च नियुञ्ज्यात्। एवमेव मधुरवर्गकल्केन॥

दुई थरी जामुनु (जामुनु र फणिर अथवा काकजम्बु र जम्बु) का बोक्रा र पात, जेठीमधु, भृङ्गिराज, त्रिफला, लप्सी, मजिठो, मरुवा, बलु, दाख, भेडासिङ्गी, पिप्ला, अतीस, काफल र दुधालु वृक्षको काँढापानी तथा तिलको तेल अथवा बरको तेल मिसाएर विधिपूर्वक पकाइएको तेलको नस्य लिनू । यही तेल दल्ने गर्नू । यसरी नै मधुर वर्गका ओखती पनि प्रयोग गर्न सकिन्छ ।

पानीको प्रयोग

(क) अष्टाङ्ग हृदय :

वर्जयेद् वारिणा सेकं यावद्रोमसमुद्भवः ॥

इन्द्रलुप्त रोगमा (रोग ठिक भएर रौं उमार्ने उपचार शुरु गरेपछि) जबसम्म रौं उम्रदैन तबसम्म टाउकामा पानी पर्न नदिनू ।

कमल आदिको प्रयोग

(क) चक्रदत्त :

नीलोत्पलाक्षफलमज्जतिलाजगन्धाः सार्द्धं प्रियङ्गुलतया समधूककल्काः ।
सम्पिष्यः प्रकुरुते बहुशः प्रलेपं खालित्यमस्यनपदं विदधाति मूर्ध्नि ॥

नीलो नक्तकमल, बरको फलको गुदी, तिल, बनतुलसी र फूलप्रियङ्गुलाई महुवाको लेदोमा पिसी लेप बनाएर दल्ने गर्नाले मानिसको टाउको कहिले पनि खुइलँदैन ।

जेठीमधु आदिको प्रयोग

(क) भैषज्य रत्नावली :

मधुकेन्दीवरमूर्वातिलाज्यगोक्षीरभृङ्गलेपेन । अचिराद्भवन्ति केशा घनदृढमूलायतानृजवः ॥

जेठीमधु, नीलकमल, मरुइलहरो, कालो तिल र भृङ्गिराज बराबर लिई गाईको दूधमा पिसेर घिउ मिसाई लेप बनाएर दल्ने गर्नाले चाँडै बाक्लो, बलियो र घुँगुर्किएको कपाल उम्रन्छ ।

(ख) बङ्गसेन आयुर्वेद :

तैलं यष्टीमधुकैः क्षीरे च त्रैफलैः श्रृतम् । नस्ये दत्तं जनयति केशान् श्मश्रुणि चाप्यथ ॥

जेठीमधुको लेप, त्रिफलाको काँढापानी र दूध हालेर तेलमा पकाउनू । तयार भएपछि यो तेलको नस हाल्नाले कपाल, दाह्री आदि पलाउन थाल्दछ ।

(ग) रसरत्नाकर :

तैलं सयष्टीमधुकैः क्षीरे धात्रीफलैः स्मृतम् । नस्यं दत्तं जनयति केशाञ्श्मश्रुणिचाप्यथ ॥

तिलको तेल दुई सेर, गाईको दूध आठ सेर तथा जेठीमधु र अमला १.२५, १.२५ सेर हाली विधिपूर्वक पकाइएको तेलले नस्य दिनाले कपाल, दाह्री र जुँगा उम्रन्छ ।

(घ) शार्ङ्गधर संहिता :

जेठीमधु आदिको तेलको नस लिने गर्नाले (लगाउने होइन) खुइलेका टाउकाका कपाल, दाह्री र जुँगा पुनः पलाउँदछ । झर्न बन्द हुन्छ । भृङ्गराज तेलले कपाल आदि उमार्दछ र झर्न बन्द गर्दछ । जेठीमधु, कमल र दाख बराबर मात्रामा लिई यसलाई तिलको तेल, गाईको दूध र घिउमा पिस्नू । यो लेप दल्नाले कपाल बलियो हुन्छ ।

वर आदिको प्रयोग

(क) भैषज्य रत्नावली :

वटावरोहकेशिन्योश्चूर्णेनादित्यपाचितम् । गुडूचीस्वरसे तैलमभ्यङ्गात्केशरोपणम् ॥

गुर्जोको रसमा बरोंको भुण्डिएका कलिला जरा र केशिन्य (जटामसी) को धूलो हालेर घाममा राखी उत्तम तरिकाले तेल पकाउनू । यो तेलले मालिस गर्नाले कपाल उम्रन्छ ।

(ख) रसरत्नाकर : अथादित्यतैलम्

वटारोहकेशिन्योश्चूर्णेनादित्यपाचितम् । गुडूचीस्वरसेतैलमभ्यङ्गात्केशरोपणम् ॥
(केशिनी-भूकेशी । एवं चतुर्गुणम्) ।

वरका टुसा, जटामसीको धूलो र गुर्जोको रसको तेल मिसाएर सूर्यपाक गरिएको तेल टाउकामा लगाउने गर्नाले कपाल उम्रन्छ ।

चन्दन आदिको प्रयोग

(क) भैषज्य रत्नावली :

चन्दनं मधुकं मूर्वा त्रिफला नीलमुत्पलम् । कान्ता वटावरोहश्च गुडूची बिसमेव च॥
लौहचुर्णं तथा केशी शारिवे द्वे तथैव च । मार्कवस्वरेसेनैव तैलं मृद्वग्निना पचेत्॥
शिरस्युपचिताः केशा जायन्ते घनकुञ्चिताः । स्निग्धाश्च दृढमूलाश्च तथा भ्रमरसन्निभाः॥
नस्येनाकालपलितं निहन्यात्तैलमुत्तमम्॥

भृङ्गिराजको रसमा रक्तचन्दन, जेठीमधु, मरुईलहरो, त्रिफला, नीलकमल, दहीगुयैँलो, बरका भुण्डिएका कलिला जरा, गुर्जो, कमलको डाँठ, लोहभस्म, भूतकेशी र दुई थरी अनन्तमूल बराबर मिसाई तिलको तेलमा हालेर सानो आगोमा पकाउनू। यो तेल टाउकामा दल्नाले बाक्लो र घुँकुर्किएको कपाल उम्रन्छ । कपाल चिल्लो, बलियो जरा भएको र भमराजस्तै कालो हुन्छ । यो तेलको नस लिनाले कपाल फुल्ने रोग नाश हुन्छ ।

हुर्हुरे (सूर्यमुखीविशेष) को प्रयोग

(क) भैषज्य रत्नावली :

आदित्यवल्या मूलानि कृष्णशरीयकस्य च । सुरस्य चैव पत्राणि फलं कृष्णशणस्य च ॥
मार्कवः काकमाची च मधुकं देवदारु च । पृथक् दशपलांशानि पिप्पल्यस्त्रिफलाञ्जनम् ॥
प्रपौण्ण्डरीकं मञ्जिष्ठा लोध्रं कृष्णगुरुत्पलम् । आम्रास्थि कर्दमः कृष्णो मृणाली रक्तचन्दनम् ॥
नीली भल्लातकास्थीनि कासीसं मदयन्तिका । सोमराज्यसनं शस्त्रं कृष्णौ पिण्डीतचित्रकौ ॥
पुष्पाण्यर्जुनकाश्मर्योराम्रजम्बुफलानि च । पृथक् पञ्चपलैर्भागैः सुपिष्टैराढकं पचेत् ॥
वैभीतकस्य तैलस्य धात्रीरसचतुर्गुणम् । कुर्यादादित्यपाकं वा यावच्छुष्को भवेद्रसः ॥
लौहपात्रे ततः पूतं संशुद्धमुपयोजयेत् । पाने नस्ये क्रियायां च शिरोऽभ्यङ्गे तथैव च ॥
एतच्चक्षुष्यमायुष्यं शिरसः सर्वरोगनुत् । महानीलमितिख्यातं पलितघ्नमनुत्तमम् ॥

हुर्हुरेको जरा, कृष्णशरीयक, वनतुलसीका पात, कालो सनको फल, भृङ्गिराज, काकमाची, जेठीमधु, देवदार, : यी दश दश पल; पिप्ला, त्रिफला, रसाञ्जन, धूपीविशेष, मजिठो, लोध, कालो अगर, आँपको कोया, कमलको जराको हिलो, कमलको डाँठ, रक्तचन्दन, नीर, भलायोको गुदी, हीराकसी, मदयन्तिका, सोमराजी, विजयसाल, लोहभस्म, कृष्णचूडा, मैनफलको बोक्रा,चितूको जरा, काउलोको फूल, खमारीको फूल, आँपको फल, फणिरको फल : यी पाँच पाँच फल लिई राम्ररी कुटेर धुलो बनाउनू । बर्रोको तेल एक आढक र अमलाको रस चार आढकमा यो ओखती मिसाएर जबसम्म रस सुक्दैन तबसम्म सूर्यको तापले पकाउनू । राम्ररी तयार भएपछि कपडाले छानेर फलामको भाँडामा राख्नू । यो तेल पिउनाले, नस हाल्नाले र टाउकामा दल्नाले आँखालाई लाभदायक, आयु बढाउने, र टाउकाका सबै रोग नाश गर्दछ । यो महानील नामको तेल कपाल फुल्ने रोगको सर्वोत्तम ओखती हो ।

ओदानेकाँडो आदिको प्रयोग

(क) भावप्रकाश संहिता, योग रत्नाकर, वङ्गसेन आयुर्वेद :

गोक्षुरस्तिलपुष्पाणि तुल्ये च मधुसर्पिषी । शिरः प्रलेपितं तेन केशैः समुपचीयते ॥

ओदानेकाँडो, तिलका फूल र गाईको घिउ अनि मह बराबर मिसाएर पिसी लेप बनाएर दल्ने गर्नाले इन्द्रलुप्त रोगमा कपाल उम्रन्छ ।

ब्राह्मक्षेत्र

(क) राज निघण्टु :

ब्राह्मक्षेत्र (राम्रा वनस्पति, प्रशस्त पानी, प्रचूर कुश हुने तथा सेतो माटोले रमणीय देखिने पृथ्वी भएको स्थान) मा हुने उत्पादनको प्रयोग गर्नाले तालु खुइलन दिँदैन ।

तिल आदिको प्रयोग

(क) हारीत संहिता :

तिलार्क भल्लातकदग्धमाषक्षारस्य लेपो नवनीतकेन ।
सर्पस्य क्षारस्य तथा प्रयोगः खल्लाटके केशचयं करोति ॥

तिल, आँक, भलायो र मास डढाएर हुने खरानी नौनीमा मिसाएर दल्ने गर्नाले अथवा सर्पको विधिपूर्वक निकालिएको क्षार दल्ने गर्नाले मुडुलो टाउकामा कपाल बढ्दछ ।

अमला आदिको प्रयोग

(क) चक्रदत्त :

धात्र्याम्रमज्जलेपात्स्यात्स्थिरता स्निग्धकेशता ।

अमला र आँपको कोया पिसी लेप बनाएर दल्ने गर्नाले कपाल बलियो र चिल्लो हुन्छ ।

(ख) चिकित्सा चन्द्रोदय :

अमलालाई चुकन्दरको रसमा पिसी लगाउने गर्नाले ५-६ दिनमा कपाल उम्रन्छ ।

(ग) शाबरमन्त्रसागर :

चुकन्दरका पात पिसेर रस निचोरी त्यो रस तीन चार दिनसम्म लगाउनाले जहाँ कपाल छैन, त्यहाँ कपाल उम्रन्छ ।

कटुकी (पिर्रे) आदिको प्रयोग

(क) चिकित्सा चन्द्रोदय :

कटुकी (पिर्रे) लाई तितो परबरको पातको रसमा पिसेर तीन दिन लगाउनाले पुरानो तालुखुइले रोगपनि नाश हुन्छ । (वैद्यविनोद) ।

खुर आदिको प्रयोग

(क) चिकित्सा चन्द्रोदय :

घोडाको वा गधाको खुर डढाएर खरानी बनाई तिलको तेलमा मिसाएर लगाउने गर्नाले इन्द्रलुप्त रोग नाश हुन्छ ।

(ख) बङ्गसेन आयुर्वेद :

चतुष्पदानां त्वग्रोमनखश्रृङ्गास्तिभस्मभिः । तैलाक्ताकेशभूमिश्चाऽऽवृताकेशयुता भवेत्॥

चारखुट्टे जनावरको छाला, रौं, नङ, सिङ र हाड बाली खरानी बनाएर तेलमा मिसाई कपाल झरेका स्थानमा दल्ने गरे चाँडैनै कपाल पलाएर आउँदछ ।

(ग) वैद्यरहस्य :

चतुःपदानां त्वग्रोमनखश्रृङ्गास्थिभस्मभिः । तैलेन सह लेपोऽयं रोमसंजननः परः॥

चारखुट्टे जनावरको छाला, रौं, नङ, सिङ र हाड जलाएको खरानी हाली विधिपूर्वक तेल पकाएर त्यो तेल दल्ने गर्नाले अति धेरै रौं (कपाल) पलाउँदछ ।

(घ) शाबरमन्त्रसागर :

कागको प्वाँख बालेर बनाइएको खरानी लगाउनाले एक महिनामा कपाल नउम्रेको स्थानमा अवश्य कपाल पलाउन थाल्दछ ।

(ङ) शार्ङ्गधर संहिता :

चतुष्पदानां त्वग्रोमनखशृङ्गास्थिभस्मभिः॥ तैलेन सह लेपोऽयं रोमसञ्जननः परः ।

चारखुट्टे जनावरको छाला, रौं, नङ, सिङ र हाडको खरानीमा तिलको तेल मिसाएर बनाइएको लेप नयाँ कपाल उमार्न अति उपयोगी हुन्छ ।

गन्धक आदिको प्रयोग

(क) चिकित्सा चन्द्रोदय :

गन्धकलाई पानीमा पिसेर मह मिसाई लगाउने गर्नाले इन्द्रलुप्त नाश हुन्छ ।

नोट : अप्रशोधित गन्धक कपालका लागि हितकर हुँदैन । गन्धक मिश्रित तातोपानी गएर त्यसले टाउको ननुहाउनू ।

दही आदिको प्रयोग

(क) चिकित्सा चन्द्रोदय :

अलिकति दही लिएर तामाको भाँडामा हरियो नहुँदासम्म घोट्नू । हरियो भएपछि यसको लेप दल्ने गर्नाले कपाल उम्रन्छ ।

सिउँडी आदिको प्रयोग

(क) बङ्गसेन आयुर्वेद :

स्नुहीपयः पयोऽर्कस्य लाङ्गली मार्कवो विषम् । अजामूत्रं सगोमूत्रं रक्तिका सेन्द्रवारुणी ॥
सिद्धार्थकस्तीक्ष्णगन्धा गर्भं दत्वा विपाचितम् । वह्निना मृदुना पक्वं तैलं खालित्य नाशनम् ॥
कूर्म्मपिष्टसमानापि रूक्षायारोमतस्करी । दिग्धा सानेन जायेत ऋक्षशारीरलोमशा ॥

सिउँडीको दूध, आँकको दूध, गुन्याँ मधुरा, सेतो भृङ्गिराज झार, कमलको डाँठ, बाख्रीको मूत्र, गहुँत, रातीगेडी, ऐरेलु, पहेँलो सर्सिउँ र सेतो बोझोको धूलो तेलमा हालेर मन्द आँचमा पकाउनू । यो तेलले मालिस गर्नाले तालुखुइलने समस्या निको हुन्छ । जुन मानिसका टाउको कछुवाको खपटो जस्तो भएको हुन्छ त्यस्तो टाउको पनि यो ओखतीको नित्य प्रयोग गरेपछि भालुको शरीर जस्तै झुत्ले हुन पुग्दछ ।

(ख) रसरत्न समुच्चय :

स्नुह्यर्कक्षीरभृङ्गाम्बुगोमूत्रहलिनीविषैः । गुञ्जाविषालामरिचैः कटुतैलं विपाचितम् ॥
खलतिं शमत्यम्लपिष्टमष्टगुणं विषात् ॥

सिउँडीको दूध, आँकको दूध, भृङ्गिराजको रस, गहुँत, गुन्यामधुराको जरा, विष, रातीगेडी, इन्द्रेनी लहरोको जरा र मरिच बराबर मिसाएर राम्ररी धूलो बनाउनू । यो धूलोलाई चौबर सर्सिउँको तेल र पानीमा हाली पकाउनू । तेल मात्र बाँकी भएपछि झिक्नू । यो तेल टाउकामा दल्ने गरेमा अथवा विषको आठ गुना काँजी लिई दुवैलाई मिसाएर पिसी लेप बनाएर दल्ने गरिएमा तालुखुइलने रोग तुरुन्त नाश हुन्छ । यसपछि सुन्दर कपाल जमेर बस्दछ ।

(ग) रसरत्नाकर : अथ स्नुह्यादितैलम्

स्नुहीपयः पयोर्कस्य मार्कवो लाङ्गलीविषम् । मूत्रमाजं सगोमूत्रं रक्तिकासेन्द्रवारुणी ॥
सिद्धार्थं तीक्ष्णतैलं च गर्भं दत्वा विपश्चिता । वह्निना मृदुना पक्वं तैलं खालित्यनाशनम् ॥
कूर्म्मपृष्ठसमानाऽपि रूक्षाया रोमतस्करी । दिग्धामानेन जायेत ऋक्षशारीरलोमसा ॥
(लाङ्गलीविषम्-लाङ्गलीमूलम् । रक्तिका-गुञ्जामूलम् । तीक्ष्णं-ज्योतिष्मतीमूलम् । केचिच्च सिद्धार्थतीक्ष्णतैलमिति श्वेतसर्षपतैलं वदन्ति ।)

सिउँडीको दूध, आँकको दूध, सेतो भृङ्गिराज, गुन्यामधुराको जरा, बाख्रीको मूत्र, गहुँत, रातीगुडीको जरा, ऐरेलुको जरा, सर्सिउँ र तिल (वा सर्सिउँ) को तेल मिसाएर विधिपूर्वक सानो आगो बालेर तेल पकाउनू । यो तेल टाउकामा दल्ने गर्नाले खालित्य रोग नाश हुन्छ । जुन मानिसका टाउको कछुवाको खपटो जस्तो भएको हुन्छ त्यस्तो टाउको पनि यो ओखतीको नित्य प्रयोग गरेपछि भालुको शरीर जस्तै झुत्ले हुन पुग्दछ ।

जटामसी आदिको प्रयोग

(क) शार्ङ्गधर संहिता :

मांसीबलाबकुलजामलकैः सकुष्ठैः पिष्टैः प्रलिप्त शिरसो न पतन्ति केशाः ।
स्निग्धायतातिकुटिलाकृतयो भवन्ति ये प्रच्युता अपि मिलिन्दकुलप्रकाशाः ॥

जटामसी, बलु, मौलसिरीको बोक्रा, अमला र कूट पानीमा पिसी लेप बनाएर दल्ने गर्नाले कपाल झर्न बन्द हुन्छ । साथै चिल्लो, लामो, घुँगुर्किएको र भमरा जस्तै कालो हुन्छ र झरेका ठाउँमा पनि पुनः कपाल पलाउँदछ ।

कुन्द्पुष्पको प्रयोग

(क) राज निघण्टु :

कुन्द्पुष्प कपाल उमार्ने गुणको हुन्छ ।

कपाल झर्न रोक्ने अन्य उपचार

(क) चरक संहिता :

खालित्यं पिञ्जरत्वं च केशानां पतनं तथा ॥
क्षवथुश्चातितन्द्रा च बुद्धेर्मोहोऽतिनिद्रता । धूमपानात् प्रशाम्यन्ति बलं भवति चाधिकम् ॥

कपाल खुइलने, कपाल ध्वाँसे रङको हुने, कपाल झर्ने, हाच्छिउँ आउने, अति अल्छी लाग्ने, बेहासीको हालत हुने र धेरै निद्रा लाग्ने : यी रोग धूमपानले ठिक हुन्छन् र बल पनि बढ्दछ ।

नित्यं स्नेहार्द्रशिरसः शिरःशूलं न जायते ॥ न खालित्यं न पालित्यं न केशाः प्रपतन्ति च ।
बलं शिरःकपालानां विशेषेणाभिवर्धते ॥ दृढमूलाश्च दीर्घाश्च कृष्णाः केशा भवन्ति च ।

दिनहुँ टाउकामा तेल दलेर मालिस गर्नाले न टाउको दुख्दछ, न कपाल खुइलन्छ, न कपाल फुल्दछ न त कपाल नै झर्दछ । टाउकाका हाडको बल विशेष किसिमले बढ्दछ । कपालको जरा बलियो हुन्छ । कपाल लामो र कालो हुन्छ ।

(ख) बङ्गसेन आयुर्वेद :

गुञ्जापत्रं विषं तैलं तिलामधुककाञ्जिकम् । पतन्त्येन नो केशा लेपाद्रोहन्ति चाद्भुतम् ॥

रातीगेडीको पात, कमलको डाँठ, तिलको तेल, तिल, जेठीमधु र काँजी मिसाएर पिसी लेप बनाएर दल्नाले कपाल झर्न बन्द हुन्छ, अद्भूत किसिमले बलियो भएर बस्दछ ।

शीर्य्यस्तु वापि केशेषु बहुशो वेधयच्छिराम् । मूर्ध्नि तैलं प्रकुर्वीत नस्यकर्म्मविरेचनैः ॥

अत्यधिक मात्रामा कपाल झर्न थालेमा अथवा गलेर खस्न थालेमा पटपटक टाउकाको नसामा प्वाल पार्नू । त्यहाँ तेल दल्नू । नस सुघाउँनू र विरेचन गर्नू ।

मधुकेन्दीवरं मृद्वी तैलाज्यगोक्षीरभृङ्गलेपेन ।
अचिराद्भवन्ति केशा दृढमूलायता ऋजवः ॥

जेठीमधु, नीलकमल, दाख, तेल, घिउ, गाईको दूध र भृङ्गिराज जम्मापारी पिसेर लेप बनाई दल्ने गरेमा थोरै समयमा नै कपाल बलियो जराले युक्त हुन्छ ।

(ग) रसरत्न समुच्चय :

जपापुष्पद्रवैर्वाऽथ तल्लेपो दारुणप्रणुत्॥

बाह्रमासे फूल (जपापुष्प) को रस निचोरेर टाउकामा मालिस गर्ने गर्नाले टाउको दुख्न र कपाल झर्न बन्द हुन्छ ।

द्विनिशा नवनीतेन लेपाद्वा खण्डकेशनुत्॥

हलेदो र चुत्रो (बोक्रा वा डाँठ) बराबर मात्रामा मिसाएर राम्ररी धूलो हुने गरी पिसी नौनीमा मिसाएर टाउकामा लेप दल्ने गर्नाले कपाल झर्न र टुक्रन बन्द हुन्छ ।

(घ) रसरत्नाकर :

मधुकेन्द्रीवरमूर्वातिलाज्यगोक्षीरभृङ्गलेपेन । अचिराद्भवन्ति केशा घनदृढमूलायतानृजवः॥

जेठीमधु, नीलकमल, मरुइलहरो, तिल, घिउ, गाईको दूध र भृङ्गिराज जम्मापारी पिसेर लेप बनाई दल्ने गरेमा थोरै समयमा नै कपाल बलियो जराले युक्त हुन्छ ।

(ङ) शार्ङ्गधर संहिता :

विधिपूर्वक गरिएको ओखतीको धूमपान पछि मानिसका कपाल, जुँगा र दाह्री बलिया हुन्छन् ।

... केशश्मश्रुप्रपातने॥ युज्यते बृंहणं नस्यं स्नेहैर्वा मधुरद्रवैः ।

कपाल, जुँगा, दाह्री झर्ने रोगमा घिउ आदि चिल्लो पदार्थ तथा सक्खर वा मिस्री आदि मिसाएर बृंहण नस्य दिने तयारी गर्नू ।

॥ समाप्त॥

तौल र नापो (श्रोत : आयुर्टाइम्स डटकम, नेपाली अमरकोश)

आयुर्वेदीक नापो	आधुनिक नापो (करिब)
१ परमाणु	०.००१६ मिलिग्राम
१ ध्वंशी वा वंशी वा त्रसरेणु	०.०५ मिलिग्राम
१ मरीचि	०.३२ मिलिग्राम
१ रक्तसर्षप	१.९५ मिलिग्राम
१ तुण्डल	१५.६२ मिलिग्राम
१ धान्याम्श	३१.२५ मिलिग्राम
१ यव	६२.५ मिलिग्राम
१ रत्ती	१२५ मिलिग्राम
१ अण्डिका	२५० मिलिग्राम
१ माषक वा माषा	१ ग्राम
१ शाण	३ ग्राम
१ कोल	६ ग्राम
१ तोला	१२ ग्राम
१ कर्ष, १ अक्ष	१२ ग्राम
१ शुक्ति	२४ ग्राम
१ पल	४८ ग्राम, ४ कर्ष, ६४ मासा, ५ तोला ४ मासा
१ छतङ्क	६० ग्राम
१ प्रसृति	९६ ग्राम
१ छटक	१८६ ग्राम
१ कुडव	१९२ ग्राम, ४ निकुञ्चक, १ कुरुवा
१ पाउ	२४० ग्राम
१ माणिका	३८४ ग्राम
१ प्रस्थ	७६८ ग्राम, ४ कुडव, ८ माना, १ पाथी
१ सेर	९६० ग्राम
१ आढक	३.७३ किलोग्राम, ४ पाथी
१ तुला	४.८ किलोग्राम, १०० पल, ५३३ तोला र ४ मासा
१ द्रोण	१२.२२८ किलोग्राम, १६ पाथी
१ सु(सू)र्प	२४.५७६ किलोग्राम, २ द्रोण
१ द्रोणी वा गोणी	४९.१५२ किलोग्राम, २ सूर्प
१ भार	९६ किलोग्राम, २० तुला, १०,६६६ तोला र ८ मासा
१ खारी	१९६.६०८ किलोग्राम, १२ मुरी १६ पाथी
१ वाह	२० खारी, २४६ मुरी
१ निकुञ्चक	५ मुठी, आधा माना
१ आचित (मानिसले बोक्न नसक्ने गाडामा हालेर चलाउनुपर्ने भारी)	१ दशभार, १,०६,६६६ तोला र ८ मासा

अगाडिका कुनै भागमा विभिन्न शब्दको परिभाषा दिइएकोले यो भागमा राखिएन ।